जनमुखी पत्रकारिताको अभ्यास

जि.प्र.का.ड.द.नं.१४/०६७/६८, जि.हु.का.ड.द.नं. ३४/२०८२/८३

# लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्ष:- १५ | अंक:- ४३ | २०८२ साल भाद्र २० शुक्रवार (September 5, 2025) | पृष्ठ संख्या:- ४ | मुल्य रु : ५।-

## ढुवानी र ग्रेडिङ सहितको लागत मूल्य जोडेर डडेल्धुरामा बिउ आलुको मूल्य निर्धारण

बिगूल समाचार
२० भाद्र २०८२



डडेल्धुरा। राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यान्वयन इकाइ डडेल्धुराले चालु आर्थिक वर्ष २०८२/८३ का कार्यक्रम सार्वजनिक गर्दै डडेल्धुरालाई बिउ आलुको श्रोत जिल्ला बनाउने तयारी अघि सारेको छ । बिहीवार सम्पन्न जिल्ला परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिको बैठकले यससम्बन्धी निर्णय गरेको हो ।

बैठकले यस वर्ष उग्रतारा कोल्ड स्टोरमा भण्डारण हुने बिउ आलुको मूल्य प्रतिकेजी ६५ रुपैयाँ तोकेको छ। खेतबाट खरिद, ढुवानी, पोस्टहार्भेष्ट क्षति, ग्रेडिङ खर्च र बैंक ब्याज जोडेर दर निर्धारण गरिएको कार्यक्रम कार्यान्वयन इकाइका प्रमुख पिताम्बर बस्नेतले जानकारी दिनुभयो ।

बिउ वितरणमा ५० केजीको बोरा प्रयोग गर्नुपर्ने, डडेल्धुरामा उत्पादन भई कोल्ड स्टोरमा राखिएको आलु मात्र बिक्री गर्न पाइने, बिउ जातीय शुद्ध, रोगमुक्त र उचित साइजको हुनुपर्ने, किसानलाई बिउ दिँदा आलुको जात खुलाउनुपर्नेजस्ता मापदण्ड तोकिएका छन् ।

हिउँदे र वर्षे दुवै सिजनमा उत्पादन हुने आलुलाई यस वर्षदेखि खाने र बिउ छुट्याएर औपचारिक प्रमाणिकरण प्रक्रियामा लैजाने तयारी गरिएको छ।

यसका लागि कृषि ज्ञान केन्द्र, स्थानीय तह, बिउविजन गुणस्तर नियन्त्रण केन्द्र हरिहरभवन र बिउविजन प्रयोगशाला सुन्दरपुरसँग सहकार्यमा तालिम, क्षमता विकास तथा फिल्ड निरीक्षण गरिनेछ। कार्यान्वयन इकाइको २९ हेक्टर क्षेत्रमा सञ्चालन हुने बिउ आलु उत्पादन कार्यक्रममा उत्पादक कृषकलाई तालिम दिइने र उत्पादित बिउलाई ग्रेडिङ गरी कोल्ड स्टोरमा भण्डारण गर्ने योजना छ

यसरी डडेल्धुरालाई औपचारिक रुपमा बिउ आलुको श्रोत जिल्ला बनाउने लक्ष्य लिइएको प्रमुख बस्नेतले बताउनुभयो । तर, जंगली जनावर र छाडा चौपायाका कारण किसान खेतीमा हतोत्साहित भएकाले घेराबार कार्यक्रम, बाली प्रदर्शनी र अदुवा, बेसार, कागतीजस्ता जनावरले हानी नगर्ने बाली लगाउन प्रोत्साहन गर्ने योजना पनि अघि सारिएको छ ।

**व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।**

परशुराम नगरपालिका
वडा नं. १० को कार्यालय
डडेल्धुरा

## अछामको सल्लेरी वनमा दुई किशोरीको शंकास्पद मृत्यु अनुसन्धान गर्दै प्रहरी

बिगूल समाचार
२० भाद्र २०८२



अछाम। अछाम जिल्लाको तुर्माखाँद गाउँपालिका-६ सल्लेरी वनमा दुई किशोरी मृत अवस्थामा फेला परेका छन्। बिहीबार बिहान स्थानीयले एउटै रुखको हाँगोमा उनीहरूलाई झुन्डिएको देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

जिल्ला प्रहरी कार्यालय अछामका डिएसपी ओमप्रकाश खनालका अनुसार घटनास्थल मृतकहरूको घर बाट करिब ४ सय मिटर टाढा पर्छ। मृत भेटिएका दुवै किशोरी क्रमशः १५ र १७ वर्षका रहेको र उनीहरू १७ गतेदेखि सम्पर्कविहीन भएका थिए । "घटना संवेदनशील भएकाले नाम र ठेगाना खुलाउन सकिँदैन," डिएसपी खनालले भने। उनका अनुसार स्थानीय प्रहरी चौकी तथा जिल्ला प्रहरी कार्यालय दुवैको टोली घटनास्थल पुगेको छ । घटनाबारे सूक्ष्म रूपमा अनुसन्धान भइरहेको छ ।

## भागेश्वर गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा

## अजयमेरु गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

अजयमेरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भद्रपुर, डडेल्धुरा

## फेसबुक दर्ताको लागि सञ्चालक संस्था मेटाले माग्यो

बिगूल समाचार
२० भाद्र २०८२

डडेल्धुरा। सरकारले नेपालमा दर्ता नभएका फेसबुक लगायतका सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गरेपछि फेसबुक सञ्चालक संस्था मेटाले दर्ता गर्न नेपालको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग कम्पनी दर्ताका लागि आवश्यक कागजातको विवरण मागेको छ ।

सरकारले दर्ता नगरेको भन्दै बिहीबार सबुकसहितका २६ सामाजिक सञ्जाललाई प्रतिबन्ध लगाउने निर्णय गरेकै दिन मेटाका कर्मचारीले सञ्चार मन्त्रालयमा कम्पनी दर्ताका लागि आवश्यक कागजातको विवरण

### आवश्यक कागजात

मागेका हुन् ।

मेटाका कर्मचारीले अनौपचारिकरुपमा दर्ताका लागि चाहिने आवश्यक कागजातको विवरण आफूहरुले विवरण पठाएको सञ्चार मन्त्रालयका प्रवक्ता गजेन्द्रकुमार ठाकुरले जानकारी दिए । 'मेटाका कर्मचारीले अनौपचारिकरुपमा दर्ताका लागि चाहिने विवरणबारे चासो राख्नु भएको थियो,' उनले भने, 'हामीले विवरण इमेलमार्फत पठाइ दिएका छौं। ठाकुरले औपचारिकरुपमा मेटाले दर्ता प्रक्रिया सुरु नगरेसम्म प्रतिबन्ध कायमै रहने बताए । 'दर्ता नभएसम्म हाम्रो निर्णय कामयै हुन्छ,' उनले भने ।

सरकारले सामाजिक सञ्जाल प्लाटफर्महरूलाई सात दिनभित्र अनिवार्य रूपमा सूचीकृत हुन दिएको समयसीमा बुधबार रातिदेखि सकिएको थियो ।

हालसम्म मेटा, अल्फाबेट, एक्स, रेडिट, लिंक्डइन जस्ता ठूला प्लाटफर्म दर्ता प्रक्रियाका लागि मन्त्रालयको सम्पर्कमा आएका छैनन् ।

तोकिएको समयभित्र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सूचीकृत नहुने सामाजिक सञ्जालहरूलाई क्रमशः निष्क्रिय पार्ने सरकारले चेतावनी दिएको थियो ।

अहिलेसम्म टिकटक, भाइबर, निम्बज, विटक र पोपो लाइभ मात्रै सूचीकृत भएका छन् ।

## सम्पादकीय

### सामाजिक सञ्जाल बन्द गर्नु सरकारको असक्षमता हो

नेपाल सरकार र मेटा कम्पनीबीचको ताजा विवादले फेरि एकपटक हाम्रो नीतिगत कमजोरीलाई उजागर गरेको छ । फेसबुक, युट्युब, इन्स्टाग्रामलगायतका सामाजिक सञ्जाल नेपालमा जनजीवनका महत्वपूर्ण अङ्ग बनेका छन् । तर सरकारले मेटा कम्पनीबीचको सामाजिक सञ्जाल नियमन कार्यविधि-२०८० को दायरामा ल्याउने नाममा अल्टिमेटम दिँदै सञ्जाल बन्द गर्ने निर्णय लिनु केवल कानुनी कडाइ होइन, शासनको असक्षमताको प्रमाण पनि बनेको छ । सामाजिक सञ्जाललाई कसरी नियमन गर्ने भन्ने कुरा नीतिगत, प्राविधिक र कूटनीतिक स्तरमा समाधान खोजिनुपर्ने विषय हो । तर सरकारले पटक-पटक अल्टिमेटम जारी गरेर अन्ततः बन्द गर्ने घोषणा गर्नु नै समस्याको समाधान होइन । यसले सरकार जनतासँग संवाद गर्ने प्रभावकारी बाटो बनाउन असफल भएको देखाउँछ । अझ ठुलो विडम्बना त यो हो कि यसरी बन्द गरिएका सञ्जाल नेपालमा मात्र होइन, विश्वभर प्रयोग भइरहेका छन् । नेपालजस्तो सानो बजार छोड्दा मेटा कम्पनीलाई खासै घाटा नपर्ला, तर नेपाली समाजले ठुलो घाटा व्यहोर्नु पर्ने निश्चित छ ।

फेसबुक र युट्युब आज सूचना आदानप्रदानका मात्र माध्यम नभएर व्यवसाय, शिक्षा, सञ्चार, लोकतान्त्रिक अभ्यास र जनताको विचार अभिव्यक्त गर्ने मुख्य थलो बनेका छन् । यस्ता प्लेटफर्म अचानक बन्द गर्दा सर्वसाधारणको जनजीवन अस्तव्यस्त हुन्छ । सरकारले यसलाई विचार नगरी हचुवाको निर्णय गरेको देखिन्छ । यो निर्णय जनआक्रोशको कारण बन्ने निश्चित छ र अन्ततः सरकार नै जनताको निशानामा पर्न सक्छ ।

निश्चित रूपमा, नेपालमा कारोबार गर्ने विदेशी कम्पनीहरूलाई कानुनी दायरामा ल्याउनु जरुरी छ । देशभित्र अर्बौं रुपैयाँको कारोबार गर्दा कर, दर्ता, पारदर्शिता जस्ता विषयमा उनीहरू उत्तरदायी हुनुपर्छ । तर उत्तरदायी बनाउन संवाद, कूटनीतिक पहल र विधिसम्मत प्रक्रिया प्रयोग गर्नु पर्नेमा सरकारले सजिलो बाटो खोजेर बन्द गर्ने धम्की मात्र दिएको छ । यस्तो प्रवृत्ति लोकतान्त्रिक संस्कृतिसँग मेल खाँदैन ।

अझ संसद्मा विचाराधीन सामाजिक सञ्जालसम्बन्धी विधेयकका कतिपय प्रावधानलाई सत्ताकै मुख्य दल नेपाली कांग्रेसले अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने भन्दै असहमति जनाएको छ । तर यही दल सरकारको सामाजिक सञ्जाल बन्द गर्ने निर्णयमा मौन रहनु विडम्बनापूर्ण छ । विपक्षी दलहरूले पनि अपेक्षित खबरदारी देखाएका छैनन् । यसले आमजनतामा सरकारले जनआवाजलाई दबाउन सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गरेको हो कि भन्ने शंका पैदा गरेको छ ।

नेपालको संविधानले अभिव्यक्ति स्वतन्त्रतालाई लोकतन्त्रको मेरुदण्ड मानेको छ । अभिव्यक्ति स्वतन्त्रताको अभ्यास गर्ने प्रमुख थलो आज सामाजिक सञ्जाल नै बनेको छ । यस्तो अवस्थामा सरकारले यी प्लेटफर्म बन्द गर्ने निर्णय गर्नु भनेको प्रतिगमन हो । यो निर्णयले केवल जनता र सञ्चार माध्यमलाई मात्र होइन, लोकतन्त्रकै आधारभूत मूल्यमा चोट पुऱ्याउँछ ।

सरकारको असली जिम्मेवारी विदेशी कम्पनीलाई कानुनी दायरामा ल्याउनु हो तर त्यसका लागि रणनीतिक र व्यवहारिक बाटो रोजिनुपर्छ । हचुवाको निर्णयले न त कम्पनीलाई घुर्क्याउन सक्छ न त जनतालाई विश्वस्त पार्छ । बरु यसले सरकारकै असक्षमता झल्काउँछ ।

त्यसैले तत्कालका लागि सरकारले सामाजिक सञ्जाल बन्द गर्ने निर्णय फिर्ता लिनुपर्छ । नियमनको नाममा बन्दी गर्ने होइन, प्रभावकारी शासन, संवाद र प्राविधिक तयारीमार्फत समाधान खोजिनुपर्छ । लोकतन्त्रलाई बलियो बनाउन अभिव्यक्ति स्वतन्त्रतालाई सम्मान गर्ने संस्कार विकास गर्नु सरकारको पहिलो दायित्व हो । सामाजिक सञ्जाललाई नियन्त्रणको माध्यम होइन, नागरिक अधिकार सुनिश्चित गर्ने प्लेटफर्मका रूपमा लिन सकिँदा मात्र लोकतन्त्र मजबुत बन्छ ।

सामाजिक सञ्जाल बन्द गर्ने सरकारको निर्णय लोकतान्त्रिक मूल्य र जनअधिकारमाथिको आक्रमण हो । नियमन आवश्यक भए पनि बन्दी होइन, संवाद र कूटनीतिक पहल नै दीर्घकालीन समाधानको बाटो हो ।

# नेपालमा सन्तान संकटको खतरा



**अर्को खतरा भनेको नयाँ पुस्ताले के ठिक, के बेठिक ? त्यसको सही मूल्यांकन गर्न नसक्नु हो । ठोस परिस्थितिको ठोस विश्लेषण गर्न नसक्नु हो । हावा, भ्रम र सतही कुरामा युवाहरू अल्भिन्नु देशकै लागि घाटाको कुरा हो । पहिले पहिले वर्षौंको संघर्ष, चुनौतीका पहाडहरू चढ्दै, दुःखका गल्ली र गल्छेडाहरू पन्छाउँदै नेता बन्ने अवस्था हुन्थ्यो । आज उहिलेको अवस्थामा रहेन ।**


धनराज वास्तविक


कुरा २०८२ असार २७ को हो । प्रधानमन्त्री केपी शर्मा ओलीले २० वर्ष उमेर पुगेपछि विवाह गरेर सन्तान जन्माउन युवालाई आग्रह गरेको भाषण मानिसहरूले भुलिसकेका होलान् भन्ने लाग्दैन । विश्व जनसंख्या दिवस तथा राष्ट्रिय जनसंख्या नीतिको सार्वजनिक कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले प्रजनन क्षमता बढी भएको बेलामा नै सन्तान जन्माउनु राम्रो हुने सुझाव दिएका थिए । प्रधानमन्त्री ओलीले भनेका थिए, 'मेरा सन्तान छैनन्, किन भएनन् भनेर उपचार पनि गराइएन । यति साह्रो व्यस्त हुनु पनि भएन ।' प्रधानमन्त्री ओलीले विकास र समृद्धिसँगै जनसंख्याको समान विकास नभए मानव अस्तित्व संकटमा पर्ने बताउँदै समयमै विवाह गरेर सन्तान उत्पादनमा लाग्न युवाहरूलाई आग्रह गरेका हुन् । सरकारले २० वर्षपछि विवाह गर्न कानुनी प्रबन्ध गरेकाले समयमा विवाह गरेर ३० वर्षभित्र ३ सन्तान पाइसक्ने र ४० कटेपछि रमाउला भन्ने गीतमा नअल्मल आग्रह गरेका थिए ।

तर, यता युवाहरू ओलीले जति नै उत्प्रेरित गर्ने कोसिस गरे पनि समयमै विवाह गर्ने अवस्थामा छैनन् । मुलुकमा रोजगारी, जागिर छैन, व्यापार छैन । लगानी छैन । सानातिनो लगानी गर्दा त्यसको ग्यारेन्टी छैन । स्वास्थ्य र शिक्षा क्षेत्र निकै महँगो छ । प्रधानमन्त्री ओलीले बच्चाबच्चीलाई स्कुल हाल्दिने अनि आमाबाबु पैसा कमाउन जाने, कोकोमा सुताउने, बामे सराउने, ओल्टाउने पल्टाउने भनेर सार्वजनिक रूपमा दिएको उक्त अभिव्यक्तिपछि युवाहरूले व्यवहारमा उतार्ने चुनौतीबारे सामान्य बहस, चर्चा भनौं या मनन् गरेको सुनिएन । देशको कार्यकारी प्रमुखले घट्दो जनसंख्यादरलाई लिएर चिन्ता, चासो र उपाय सुल्भाउनुलाई नराम्रो मान्ने कुरा भएन । तर, देशको प्रमुख व्यक्तिले नेपाली युवा युवतीलाई निकै हल्का रूपमा सन्तान उत्पादन गर भन्दा त्यति राम्रो भने सुनिएको थिएन । प्रधानमन्त्रीले भनेजस्तो सजिलै धेरै सन्तान जन्माउनु व्यावहारिक कुरा होइन भन्नेमा युवाहरू जानकार छन् । घट्दो प्रजनन दर र ऋणात्मक जनसंख्या वृद्धि दरको चुनौती चिर्न प्रधानमन्त्रीले गरेको आग्रहलाई युवाले किन सकारात्मक रूपमा लिन सकेनन् ? भन्ने सवाल महत्वपूर्ण छ । हाल हाम्रो मुलुक मात्रै होइन, विश्वमै प्रजनन दर ओरालो लाग्दो अवस्थामा छ । आगामी ३ दशकपछि हाम्रो देश नेपाल वृद्धहरूको देशका रूपमा परिणत हुने आकलन गरिएको छ । यसअर्थमा घट्दो जन्मदरले नेपाललाई मात्रै होइन, विश्वलाई नै तनावमा राखेको छ ।

#### सबै निराश

देशमा जनताहरू मात्रै निराश छैनन्, शासन सत्तामा रहेका, नेता, प्रशासक, सरकारी कर्मचारी, सबै एकसाथ निराश छन् । यसरी एकैपटक सबै निराश हुनुको कारण असफल, अक्षम र पाखण्ड नेतृत्व हो । राज्यको मुख्य भूमिकामा रहेका शासकहरूले देश र जनताको निम्ति काम गरेनन् । केवल आफ्ना र आफ्ना वरिपरिकालाई मात्रै संरक्षण गर्न थालेपछि यस किसिमका समस्या देखिएका हुन् ।

माथि पनि उल्लेख गरियो कि, देशको प्रधानमन्त्रीले युवाहरूलाई केवल सन्तान जन्माउने कोख सम्भिन्छन् । यो निकै विडम्बनाको कुरा हो । जनताको भोक, रोग र शोकमा सारथी बन्न नसक्ने नालायकहरूका उर्दी र आदेश मान्नुपर्ने नेपाली युवाहरूको बाध्यता छ । केवल सत्ता, शक्ति र सम्पत्तिको निम्ति पटकपटक मन्त्री र प्रधानमन्त्री बन्ने खेलमा नेपाली नेताहरू व्यस्त बनेका कारण मुलुकले अनेकौं समस्या भेल्न बाध्य छ । देशको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक पक्षलाई कसरी बलियो र विश्वासिलो बनाउनेभन्दा पनि आफू र आफ्ना नातागोता, भोले, चम्चे, ढोके, नोकर, चाकरहरूलाई कसरी जागिर दिने भन्नेमा चिन्तित देखिए ।

'रोम जलिरह्यो, निरो बाँसुरी बजाइरह्यो' भन्ने कथा स्मरण हुन्छ । हाम्रो देशका नेताहरू विगत ३०/४० वर्षदेखि देश बनिरहेको छ, सारा संसार आफैंले धानिरहेको जस्तो गरेर भाषण गरिरहेका छन् । हो, उनीहरूसँग पुग्ने र उनीहरूलाई भेट्ने भोलेहरूका गलत रिपोर्टहरूमा देश बनेकै होला । तर, देश र जनताको नेता हुँ भन्नेहरूले एकपटक आफ्ना बारेमा भइरहेका टीकाटिप्पणी, आफ्ना असफलता, सफलताबारे विचार गर्नुपर्ने होइन र ? अहं नेताहरूलाई सत्ता जति प्यारो अर्को कुनै चिज छैन । जनताले नो नट अगेन भनेको सुन्ने होइन । यहाँ कुनै खास दलको नेताहरूको कुरा होइन । हरेकजसो पार्टीका शीर्ष नेताहरूको हालत उही छ । एक जना नेता छैन, जो कुनै आरोप र अपराधमा संलग्न नहोस् । के नयाँ, के पुराना सबै उस्तै छन् ।

पछिल्लो समयमा देखिएको अर्को खतरा भनेको नयाँ पुस्ताले के ठिक, के बेठिक ? त्यसको सही मूल्यांकन गर्न नसक्नु हो । ठोस परिस्थितिको ठोस विश्लेषण गर्न नसक्नु हो । हावा, भ्रम र सतही कुरामा युवाहरू अल्भिन्नु देशकै लागि घाटाको कुरा हो । पहिले पहिले वर्षौंको संघर्ष, चुनौतीका पहाडहरू चढ्दै, दुःखका गल्ली र गल्छेडाहरू पन्छाउँदै नेता बन्ने अवस्था हुन्थ्यो । आज उहिलेको अवस्थामा रहेन । आज त प्रत्येक ७-१० दिनमा नेता जन्मिन्छन् । कोही सामाजिक अभियन्ताको नाममा आउँछन् । कोही पत्रकारको नाममा आउँछन् । सामाजिक सञ्जालले नेता उत्पादन गरिरहेको छ । सतही र नक्कली कुराको सिकार नयाँ पुस्ता बन्नु मुलुकका निम्ति दुर्भाग्य हुन्छ । लोकप्रियतावादले दीर्घकालीन राजनीति हुन सक्दैन । यस्ता फन्टुस कुरामा जनताहरू भुक्किनु हुँदैन । जनताले सही विवेक प्रयोग गर्दा मात्रै देश बन्न सक्छ भन्ने कुरा भुल्नु हुँदैन । आजको सच्चाइ भनेको देशमा भ्रष्टाचार छ । नेता, कर्मचारी, पत्रकार भ्रष्ट छन् । जनता भ्रष्ट छन् । चुनावको बेला जसले नोट दिन्छ, उसैलाई भोट दिने गरिन्छ । बेरोजगार सीमाहीन छ । १ करोड नेपाली विदेशमा रोजगारका निम्ति भासिएका छन् । यतिकाबीच युवाहरूको देश भनेर विश्वमा परिचित छ । अबका केही वर्षभित्र यो उपमा खारेज हुनेवाला छ । त्यसपछि यो देश बुढापाकाहरूको देश बन्नेछ । सन्निकटमा देखिएको यस्तो खतराका संकेतले नेताहरूलाई छुँदैन । यस्ता दृश्य देख्ने नेतृत्वसँग दृष्टि छैन । आँखा भएर मात्रै कहाँ हुन्छ ? दृष्टिरहितको आँखाले समाजको वर्तमान विश्लेषण गर्न सक्दैन । वर्तमान समाजको विश्लेषण गर्नका निम्ति दृष्टिसहितको आँखा चाहिन्छ । यहाँ त शीर्ष भनिने नेताहरूमा सत्ता कसरी ढाल्ने र आफू सत्तामा कसरी जाने ? भन्नेबाहेक अर्को चिन्ता देखिएन ।

#### सन्तान संकट

खासगरी पछिल्लो समय प्रजनन दरलाई लिएर केही चिन्ता प्रकट भइरहेका छन् । यो स्वभाविक पनि छ । दोस्रो जनआन्दोलनपछि जन्मिएको नयाँ पुस्तामाथि मुलुकको धेरै जिम्मेवारी छ । विकास, समृद्धि, सुशासन, उपलब्धिहरूको संस्थागत विकास गर्नुपर्ने जिम्मेवारी पनि यसै पुस्ताको काँधमा छ । सस्तो लोकप्रियताको नारामा हौसी हाल्ने र सही विश्लेषण गर्न नसक्ने पुस्ता भनेर आरोप खेपिरहेको यो पुस्ताका नवजवानहरूले २ वा २ भन्दा बढी बच्चा जन्माउन सकेन भने मुलुकको भविष्य झन् अस्तव्यस्त बन्नेवाला छ । नेपालमा सन्तान संकटको खतराको संकेत देखिन थालेका छन् । यसका धेरै कारण छैनन्, सरकारको गैरजिम्मेवारपन, अक्षम नेतृत्व, ढिलो विवाह, वैदेशिक रोजगारी, बाँभोपन, शिक्षा स्वास्थ्यमा बढ्दो खर्च र भविष्य केन्द्रित जीवनशैलीले नयाँ पुस्ता सन्तान जन्माउन रुचिकर देखिँदैन । यसलाई दृष्टिगत गरेर राज्यले उपयुक्त नीति ल्याउन ढिलो गर्नुहुन्न । साथै राज्य र जनता दुवै पक्ष यस कुरामा जिम्मेवार र संवेदनशील बन्नुपर्छ ।

#### डाटालाई विश्वास गरौं

कुनै पनि कुरा तथ्य र तथ्यांक हेरेर मात्रै विश्वास गरौं । आँखाले देखेको र कानले सुनेकै कुरा पनि सत्य नहुन सक्छ । तथ्य र प्रमाणले पुग्ने सत्य मात्रै आखिर सत्य मानिन्छ । त्यसैले कुनै पनि विषयका बारेमा दृष्टिकोण बनाउनु पहिले त्यसको क्रस चेक गरौं । यो कुनै विशेषका लागि गरिएको आग्रह होइन, यो आमनेपाली जनताले हरेक क्षेत्रमा लागू गर्नुपर्ने कुरा हो । संयुक्त राष्ट्रसंघीय जनसंख्या कोषको हालैको एक अध्ययनले १४ देशमा विभिन्न प्रजननस्तर भएका १४ हजार युवायुवतीमा अनलाइन सर्वेक्षण गरिएको थियो । अधिकांशले सन्तान जन्माउन चाहना भएको तर इच्छा पूरा गर्नका लागि विभिन्न बाधा भएको बताएको रिपोर्टमा उल्लेख छ ।

३९ प्रतिशतले आर्थिक क्षमताको सीमितता बच्चा जन्माउन नचाहेको बताएका छन् ।


## पाटन नगरपालिका बैतडीको जनहितमा जारी सन्देश

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै विद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन बैतडी

## सुचना ! सुचना ! सुचना !

व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

परशुराम नगरपालिका
वडा नं. १० को कार्यालय
डडेल्धुरा

## सुचना ! सुचना ! सुचना !

व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

आलिताल गाउँपालिका
वडा नं. ७ को कार्यालय
डडेल्धुरा

## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

| | |
|---|---|
| लाल बिगूल दैनिकः- | ९८५८७५१६००/९८०५५९९७५० |
| जिल्ला प्रशासन कार्यालय डडेल्धुराः- | ०९६-४२०१३३/४२०५५५ |
| जिल्ला अदालत डडेल्धुराः- | ०९६-४२०१३०/४२०४८३ |
| जिल्ला समन्वय समिति डडेल्धुराः- | ०९६-४१०१४४ |
| जिल्ला प्रहरी कार्यालय डडेल्धुराः- | ०९६-४२०१९९/४२०१७६ |
| रणबम गण दहब्यारेक डडेल्धुराः- | ०९६-४२०२००/४२०५०० |
| राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुराः | ०९६-४२०१७७ |
| रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटरः- | ९८५१२७२५१३ |
| डडेल्धुरा अस्पताल डडेल्धुराः- | ०९६-४१०२४५/४२०१६५ |
| शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुराः- | ०९६-४२०१३५ |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुराः- | ०९६-४१०११४ |
| खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५० |
| स्वास्थ्य कार्यालय डडेल्धुराः- | ०९६-४१०११८/४१०२३८ |
| डिभिजन बन कार्यालय डडेल्धुराः- | ०९६-४२०१४५ |
| जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुराः- | ०९६-४२०२३७ |
| जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१२५ |
| कृषि ज्ञान केन्द्र डडेल्धुराः- | ०९६-४१०११२ |
| भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुराः- | ०९६-४१०११५ |
| मालपोत कार्यालय डडेल्धुराः- | ०९६-४१०१७१ |
| नापी कार्यालय डडेल्धुराः- | ०९६-४१०१६७ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुराः- | ०९६-४१०१७७ |
| जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुराः- | ०९६-४१०१०६ |
| घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुराः- | ०९६-४१०१६४ |
| तरकारी विउ उत्पादन केन्द्र डडेल्धुराः- | ०९६-४२०१७५ |
| जिल्ला निर्वाचन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५४ |
| जिल्ला हुलाक कार्यालय डडेल्धुराः- | ०९६-४२०१४१ |
| शाखा तथ्याङ्क कार्यलय डडेल्धुराः- | ०९६-४१०१८५ |
| जल तथा मौसम विज्ञान विभाग डडेल्धुराः- | ०९६-४२०२२१ |
| डडेल्धुरा कारागार शाखाः- | ०९६-४१९२१५ |
| जिल्ला खेलकुद समिति डडेल्धुराः- | ९८४८७२८२६३ |
| यातायात कार्यालय डडेल्धुराः- | ०९६-४२०२४१ |
| सामाजिक विकास कार्यालय डडेल्धुराः- | ९८५८७८३२३२ |
| अमरगढी नगरपालिका डडेल्धुराः- | ०९६-४१०२२२ |
| परशुराम नगरपालिका डडेल्धुराः- | ०९६-४११००४ |
| अजयमेरू गाउँपालिका डडेल्धुराः- | ९८५५७८५५५० |
| गन्यापधुरा गाउँपालिका डडेल्धुराः- | ९८५८७८८७०७ |
| आलिताल गाउँपालिका डडेल्धुराः- | ९८५८७८१०२० |
| भागेश्वर गाउँपालिका डडेल्धुराः- | ९८४१९६३८९६ |
| नवदुर्गा गाउँपालिका डडेल्धुराः- | ९८५८७४५४३० |
| प्रधानमन्त्री कृषि आधुनीकरण परियोजनाः- | ०९६-४१००९२ |
| आन्तरिक राजश्व कार्यालय डडेल्धुराः- | ०९६-४१०३०८ |
| खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयः- | ९८५८७७५००४ |
| पूर्वाधार विकास कार्यालय डडेल्धुराः- | ०९६-४१००६१ |
| राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुराः- | ०९६-४२०२१३/४२०२१४ |
| नेपाल विद्युत प्राधिकरण डडेल्धुराः- | ०९६-४२०२४५/४२०४७५ |
| दुरसञ्चार कार्यालय डडेल्धुराः- | ०९६-४२०१०८ |
| साल्ट ट्रेडिङ्ग डडेल्धुराः- | ९८४८८०५५८२ |
| जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुराः- | ०९६-४११००८ |
| इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुराः- | ०९६-४११०७२ |
| डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुराः- | ०९६-४२००६३ |
| बिजुली बस सेवा प्रा.लि. डडेल्धुराः- | ९८५८७५३०५५ |
| डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुराः- | ०९६-४२०३५३ |
| जिल्ला रेडक्रस ब्लडका लागिः- | ९८४७०९०१७४ |
| एम्बुलेन्स डडेल्धुरा अस्पतालः- | ०९६-४१०१६५ |
| उद्योग विणिज्य संघ डडेल्धुराः- | ०९६-४२०६११ |
| बहुउद्देश्यीय विकास समाज डडेल्धुराः- | ०९६-४१००१३ |
| रुडुक डडेल्धुराः- | ०९६-४१०४०२ |
| महिला मुक्ति समाज डडेल्धुराः- | ०९६-४२०३८९ |
| एकीकृत विकास समाज डडेल्धुराः- | ०९६-४२०१७९ |
| हरमस नेपालः- | ०९६-४२०१४७ |
| नेपाली काङ्ग्रेस डडेल्धुराः- | ०९६-४२०१६९ |
| नेकपा एमाले डडेल्धुराः- | ०९६-४१०१०५ |
| नेकपा (माओवादी केन्द्र) डडेल्धुराः- | ९८५११५१००८ |
| राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) | ९८४९७११५३८ |
| नेकपा एकीकृत समाजवादी डडेल्धुराः- | ९८५८७५१४३५ |
| डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुराः- | ०९६-४१०१८९ |
| त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढाः- | ९८५८७८६२५८ |
| भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुराः- | ०९६-४२०७५० |
| मिहेन्द्र मा.वि. डडेल्धुरा :- | ९८४८७६६०३० |
| न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- | ०९६-४१०११६ |

**तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्झिनु होला।**

## सन्तान संकटको खतरा.............

यस्तै बेरोजगारी र रोजगारीको असुरक्षामा २१ प्रतिशत, पर्याप्त र गुणस्तरीय बालहेरचाह विकल्पको अभावमा १२ प्रतिशत, बाँझोपन र गर्भधारण कठिनाइमा १२ प्रतिशत, उपयुक्त जीवनसाथीको अभावमा १२ प्रतिशतले बच्चा जन्माउन नचाहेको अध्ययनले देखाएको छ ।

यता नेपालमा ३ वर्षमा ५४ प्रतिशतले जन्मदर घटेको तथ्यांक सार्वजनिक गरिएको धेरै भएको छैन । यसअघिका केही वर्षसम्म २ सन्तान ईश्वरका बरदान भन्ने गरिन्थ्यो । तर, बिडम्बना भन्नुपर्छ अहिले निःसन्तानतर्फ समाज अघि बढिरहेको देखिन्छ । छोरा होस् कि छोरी । एउटा सन्तान भए सन्तुष्ट हुने मनोविज्ञान वृद्धि भइरहेको देखिन्छ । यसका पछाडि धेरै आयामहरूले काम गरिरहेका छन् ।

विगतमा सरकारले जनसंख्या नियन्त्रणका लागि 'सानो परिवार, सुखी परिवार' जस्ता नीति लागू गर्ने प्रयास गर्‍यो । परिवार नियोजन र गर्भनिरोधक साधनको सहज पहुँचले मानिसलाई परिवार संख्या घटाउने अवस्थामा पुर्‍यायो । उक्त नीतिले समाजमा थोरै सन्तान जन्माउने सोच स्थापित गर्‍यो । त्यति मात्रै होइन, समाजमा कम सन्तान हुने धनी र बढी सन्तान हुने गरिब हुने स्थिति बन्यो । गरिबी, बेरोजगारका कारण पहिले सन्तान बढी जन्मिएका हुन् भनिन्थ्यो । तर, अहिले पनि फेरी घुमेर उही कुरा भनिन थालेको छ । पहिले बेराजगार भएका कारण घरमै बस्नुपर्ने बाध्यता हुन्थ्यो भने, अहिले बेरोजगारका कारण विदेश जानुपरेको छ ।

गरिबीका कारण देश छोडेर परदेश पस्नु परेको छ । माथि पनि भनियो कि २ सन्तान ईश्वरको बरदान भन्ने नीति र त्यसपछि सुरु भएका सचेतना कार्यक्रमले जन्मदर घटाउने ठुलो भूमिका खेल्यो । सन्तान कम जन्माउने मानवीय चाहाना, भावना र इच्छाहरूले मात्र जिम्मेवार छैनन् । बहुआयामिक कारण र मनोविज्ञानले सन्तान जन्मदर तीव्र गतिमा ओरालो लागिरहेको छ । खासगरी बेरोजगारी, महँगी, सम्बन्ध विच्छेद, बाँझोपन, उपयुक्त जीवनसाथीको अभाव, ढिलो विवाह आदि कारणहरूले गर्दा सन्तान जन्मदरलाई घटाउन ठुलो भूमिका खेलिरहेका छन् । यी सबै पक्षमाथि ठोस विश्लेषण गरेर राज्यले उपयुक्ति नीति ल्याउनुपर्छ । २० वर्षपारि, अनि घरवारीजस्ता कुरा पनि कारक मान्न सकिन्छ । यसलाई घटाएर १८ वर्ष राख्ने कि ? भन्ने बहस पनि भइरहेका छन् । यावत कुरालाई दृष्टिगत गर्दा यति भन्न सकिन्छ, जन्मदर वृद्धिका लागि राज्य र नागरिक दुबै पक्ष गम्भीर बन्नुपर्छ । सचेत नागरिक र जिम्मेवार राज्यका कारण यस्ता दीर्घकालीन समस्या समाधानको बाटोमा हिंड्न सकिन्छ ।

## स्वास्थ्य कार्यालय डडेल्धुराको जनहितमा जारी सन्देश

- खोपले रोगबाट बचाउँछ त्यसैले सबै बालबालिकालाई पूर्ण खोप लगाउनुहोस् । नियमित खोप कार्यक्रममा सहभागी हुनुहोस् ।
- सुरक्षित मातृत्व - गर्भवती महिलाले कम्तिमा चारपटक गर्भजाँच गराउनुहोस् र स्वास्थ्य संस्थामा नै प्रसूति गराउनुहोस् ।
- गर्मी मौसममा हुन सक्ने झाडापखला लगायतका रोगहरूबाट बच्नका लागि साबुन पानीले हात धुनुहोस्, शुद्ध पानी पिउनुहोस्, खानेकुरा छोपेर राख्नुहोस् ।
- क्षयरोग नियन्त्रण दुई हप्ता भन्दा बढी खोकी लागेमा क्षयरोग परीक्षण गराउनुहोस् । क्षयरोगको औषधि पूर्ण अवधि सेवन गर्नुहोस् ।
- डेंगु रोकथामका पानी जम्ने भाँडाहरू खालीह गर्नुहोस्, लामखुट्टेको टोकाइबाट बच्नुहोस्, ज्वरो आएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस्
- पोषण सुधार हजार दिनका आमा र बच्चालाई पौष्टिक आहार दिनुहोस्,

**जिल्ला स्वास्थ्य कार्यालय, डडेल्धुरा**

## नवदुर्गा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**नवदुर्गा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मणिलेक, डडेल्धुरा**

## डडेल्धुरा अस्पताल डडेल्धुरा

### समाजिक सेवा एकाईमा समावेश भएका लक्षित समूहहरू

| क्र.सं. | लक्षित समुह | आवश्यक कागजातहरू |
|---|---|---|
| १ | गरिब | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| २ | असहाय | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| ३ | अपाङ्ग भएको व्यक्ति | नेपाल सरकारबाट प्राप्त अपाङ्ग परिचय पत्र, परिचय पत्र-'क'वर्गकोलाई पूर्ण तथा 'ख' वर्गलाई छुट |
| ४ | जेष्ठ नागरिक | नेपाल सरकारबाट जेष्ठ नागरिकका रूपमा समाजिक सुरक्षा भत्ता पाउने गरी उपलब्ध गराईएको परिचयपत्र र नेपाली नागरिकताको प्रतिलिपी |
| ५ | लैङ्गिक हिंसा प्रभावित (बालवालिका समेत) | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालय र अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्रको लैङ्गिक हिंसा सिफारिस पत्र |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | महिला स्वास्थ्य स्वयम सेविका परिचय पत्र |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावित व्यक्ति | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन र सबन्धित निकायको सिफारिस पत्र |
| ८ | शहिद परिवार | शहिद परिवार परिचय पत्र |
| ९ | कुपोषित बालवालिका | उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस |
| १० | लोपउन्मुख जाती | संवैधानिक व्यवस्था अनुसारका जातीहरु |
| ११ | दुर्घटना परेका र प्रहरीद्वारा ल्याईएको थुनुवा बिमारीहरू | संलग्न प्रहरी प्रतिवेदन र पत्र |

नोटः आवश्यक कागजात र प्रक्रिया नपुगेका व्यक्तिहरूलाई सामाजिक सेवा उपलब्ध हुने छैन ।

- हाललाई एक व्यक्तिलाई एक महिनामा एक पटक मात्र सामाजिक सेवा मार्फतको सेवा उपलब्ध गराईनेछ ।
- नयाँ विमारीका हकमा सामाजिक सेवा इकाई मार्फतको ओ.पि.डि. । टिकट बनाउने समय-सार्वजनिक बिदाका दिन बाहेक बिहिवार सम्म बिहान १०:०० बजे देखि दिउँसो १:०० बजेट सम्म र शुक्रबार १२:०० बजे सम्म मात्र बनाइने छ । साथै अन्य प्रयोजनका लागि दिउँसो कार्यालय अवधी भर मात्रै काउन्टर खुल्ला रहने छ ।

**सामाजिक सेवा एकाई**
**डडेल्धुरा अस्पताल डडेल्धुरा**

व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

परशुराम नगरपालिका
वडा नं. ४ को कार्यालय
डडेल्धुरा

व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

नवदुर्गा गाउँपालिका
वडा नं. ३ को कार्यालय
डाडाबन डडेल्धुरा

## मेलौली नगरपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**मेलौली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मेलौली, बैतडी**

## जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस् ।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले भिंगा भन्केका वा धूलो परेका खुल्ला रुपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस् ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार
वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

**वन क्षेत्रमा अवैध रूपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।**

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, डडेल्धुरा

# आज अन्तराष्ट्रिय परोपकार दिवस मनाइँदै

बिगूल समाचार
२० भाद्र २०८२



डडेल्धुरा। विश्वभर आज "अन्तर्राष्ट्रिय परोपकार दिवस" विविध परोपकारी गतिविधिहरूसँगै मनाइँदैछ । निर्धन र असहायको सेवामा जीवन अर्पण गरेकी नोबल शान्ति पुरस्कार विजेता मदर टेरेसाको स्मृतिमा हरेक वर्ष सेप्टेम्बर ५ का दिन यो दिवस मनाइने गरिएको हो । संयुक्त राष्ट्रसंघको आह्वानमा सन् २०१२ देखि यो दिवस मनाउन थालिएको हो भने पहिलोपटक सन् २०१३ मा औपचारिक कार्यक्रममार्फत सुरु गरिएको थियो । यस दिवसको मूल उद्देश्य समाजमा असमानता, गरिबी, विभेद र विविध पीडामा परेका समुदायलाई सहयोग पुऱ्याउने संस्कार विकास गर्नु हो ।

संयुक्त राष्ट्रसंघले यस दिन पारदर्शी परोपकार, युवा नेतृत्व विकास, विभेदरहित जिम्मेवार दान, स्वयंसेवामुखी अभियान सञ्चालनलाई प्राथमिकतामा राख्दै जलवायु परिवर्तन र गरिबीका कारण गाँस, बास, कपास नपाएका विपन्न वर्गलाई सहयोग गर्न जोड दिएको छ । नेपालमा पनि विभिन्न सामाजिक संघसंस्था, युवा समूह र शैक्षिक संस्थाहरूले परोपकारी कार्यक्रम सञ्चालन गर्दै यस दिवस मनाउँदै आएका छन् ।

कतिपय विद्यालयले विद्यार्थीलाई समाजसेवा र परोपकारतर्फ प्रेरित गर्ने अभियान थालेका छन् भने युवाहरूले रक्तदान, खाद्यान्न वितरण र वृद्धाश्रम सहयोगमार्फत दिवसलाई अर्थपूर्ण बनाएका छन् ।

विशेषज्ञहरूका अनुसार परोपकार केवल दान-पुण्यमा सीमित नभई सामाजिक उत्तरदायित्व पनि हो । उनीहरू भन्छन्, "समाजलाई समावेशी, दयायुक्त र समानतामूलक बनाउन परोपकारी संस्कार अपरिहार्य छ ।"

परोपकार दिवसले विश्वभर सामाजिक ऐक्यबद्धता, करुणा र मानवता जगाउने अवसर दिएको छ ।

नेपालजस्ता विकासोन्मुख मुलुकमा अझ बढी दयाभाव, सहकार्य र सहयोगी संस्कृतिको आवश्यकता रहेको सरोकारवालाहरूले औंल्याएका छन् ।

## नवदुर्गा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**नवदुर्गा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मण्लिेक, डडेल्धुरा**

## आलिताल गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**आलिताल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भिमदत्तपूर, डडेल्धुरा**

डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा